☎ ०४६-५४०३१०

बरहथवा नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

## शिक्षा , युवा तथा खेलकुद शाखा

बरहथवा ,सर्लाही

मधेश प्रदेश, नेपाल

प.सं. (Letter No.) २०८२।०८३

च.नं. (Ref No.) ११४१

मिति: २०८३-०१-०८ गते

**विषय: छात्रवृत्ति व्यवस्थापन गर्ने सम्बन्धमा ।**

श्री संस्थागत (निजि) विद्यालयहरु सबै

बरहथवा नगरपालिका, सर्लाही ।

उपर्युक्त सम्बन्धमा यस बरहथवा नगरपालिकामा अनुमति लिई सञ्चालनमा रहेको संस्थागत विद्यालयहरुले शैक्षिक सत्र २०८२ मा बरहथवा नगरपालिकाको संस्थागत विद्यालय छात्रवृत्ति व्यवस्थापन कार्यविधि, २०८१ बमोजिम छात्रवृत्ति व्यवस्थापन गरेकोमा बरहथवा नगरपालिकाको नगर छात्रवृत्ति व्यवस्थापन समितिको मिति २०८३/०१/०४ गतेको निर्णय अनुसार शैक्षिक सत्र २०८३ मा छात्रवृत्ति व्यवस्थापन गर्दा तपसिल बमोजिमको कार्य गर्ने / गराउन निर्देशानुसार अनुरोध छ।

तपसिल:

**नगरपालिको भुमिका**

१. सम्बन्धित विद्यालयको विद्यार्थी संख्याको आधारमा विद्यालयगत रुपमा छात्रवृत्ति कोटा संख्या निर्धारण गर्न विद्यालयसंग समन्वय गर्ने ।

२. तोकिएको समयमा विद्यालयहरुले छात्रवृत्तिका लागि सुचना प्रकाशन गरे / नगरेको अनुगमन, नियमन गर्ने ।

३. विद्यालयमा आवेदन दिएका विद्यार्थीहरुको लागि छात्रवृत्तिमा छनोट गर्न लिखित वा मौखिक परीक्षा संञ्चालन गर्न विद्यालयसंग समन्वय गर्ने ।

**वडा कार्यालयको भुमिका**

१. आफ्नो वडाभित्रका संस्थागत विद्यालयहरुले बरहथवा नगरपालिकाको संस्थागत छात्रवृत्ति व्यवस्थापन कार्यविधि, २०८१ बमोजिम प्रदान गर्ने दश प्रतिशत छात्रवृत्ति समबन्धमा छलफल र समन्वय गर्ने ।साथै कार्यविधिको दफा ५ बमोजिमको सदस्य वडा समितिबाट संस्थागत विद्यालयमा पठाउने ।

ऋद्धि प्रकाश सिटौला

प्रमुख प्रशासकीय अधिकृत

CamScanner

☎ ०४६-५४०३१०

बरहथवा नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

## शिक्षा , युवा तथा खेलकुद शाखा

बरहथवा ,सर्लाही

मधेश प्रदेश, नेपाल

प.सं. (Letter No.) ०८२।०८३
च.नं. (Ref No.) ११४१

मितिः २०८३-०१-०८ गते

२. नगरपालिकाबाट तोकिएको समय र तोकिएको कोटा अनुसार छात्रवृत्तिका लागि सुचना प्रकाशन गर्न लगाउने ।

४. तथ्यगत आधारमा वा विपन्नता परिचय पत्रको आधारमा विपन्नताको सिफारीस गर्ने ।

३. छात्रवृत्ति सम्बन्धि सुचना वडाबासीमा सञ्चार गर्ने ।

**संस्थागत विद्यालयको भुमिका**

१. शैक्षिक सत्र २०८२ मा बरहथवा नगरपालिकाको छात्रवृत्ति व्यवस्थापन कार्यविधि,२०८१ को दफा ७ को उपदफा २ र ३ बमोजिम छात्रवृत्ति प्राप्त गरेका विद्यार्थीहरुलाई उपल्लो कक्षामा पनि छात्रवृत्ति प्रदान गर्ने ।

२. बरहथवा नगरपालिकाको संस्थागत विद्यालय छात्रवृत्ति व्यवस्थापन कार्यविधि ,२०८१ को दफा ७ को उपदफा १ मा उल्लेख भए बमोजिम प्रत्येक कक्षाको प्रथम र द्वितिय विद्यार्थीलाई क्रमशः शत प्रतिशत र पचास प्रतिशत छात्रवृत्ति प्रदान गर्ने ।

३. शैक्षिक सत्र २०८३ मा विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराउन पत्र प्राप्त भएको ३ (तिन) दिन भित्र १५ दिने सुचना प्रकाशन गर्ने र उक्त सुचना प्रकाशन गर्दा शैक्षिक सत्र २०८२ को कुल विद्यार्थी संख्यालाई आधार मानि खण्ड १ बमोजिम छात्रवृत्ति प्राप्त विद्यार्थिको संख्या कक्षा गत रुपमा घटाई बरहथवा नगरपालिकाको संस्थागत छात्रवृत्ति व्यवस्थापन कार्यविधि , २०८१ को दफा ६ को उपदफा २ बमोजिम कोटा निर्धारण गर्ने तत् पश्चात देहाय बमोजिम कक्षागत रुपमा कोटा निर्धारण गरी सुचना प्रकाशन गर्ने र सोको जानकारी नगरपालिकालाई गराउने ।

मानौं शैक्षिक सत्र २०८२ मा कुनै कक्षामा १०० जना विद्यार्थी छ भने दश प्रतिशत हुन आउने विद्यार्थी संख्या १० जनाको लागि छात्रवृत्ति आव्हान गर्दा देहाय अनुसार कोटा निर्धारण गर्ने ,

महिला (३३ प्रतिशत) =३ जना
जनजाति (२७ प्रतिशत) =३ जना
मधेशी (२२ प्रतिशत) =२ जना
दलित (९ प्रतिशत) =१ जना
अपाङ्गता ( ५ प्रतिशत ) =१ जना

ऋद्धि प्रकाश सिटौला
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

☎ ०४६-५४०३१०

बरहथवा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
शिक्षा , युवा तथा खेलकुद शाखा
बरहथवा ,सर्लाही
मधेश प्रदेश, नेपाल

प.सं. (Letter No.) ०८२।०८३
च.नं. (Ref No.) ११५१

मितिः २०८३-०१-०८ गते

४. सुचना प्रकाशन गर्दा विपन्न वर्गलाई प्राथमिकता दिई आवेदन संकलन गर्ने ।

५. तोकिएको अवधिभित्र संकलित विद्यार्थीहरुको कक्षागत विवरण नाम, ठेगाना छुट्याई नगरपालिकामा पठाउने ।

६. तोकिएको प्रकृया पुरा गरी सफल भएका छात्रवृत्ति प्राप्त विद्यार्थीहरुको नामावली २०८३ जेष्ठ मसान्त भित्र नगरपालिकामा पठाउने र सो विवरण इमिसमा समेत सार्वजनिक गर्ने ।

**विद्यार्थीको भुमिका**

१. आफुले अध्ययन गर्न चाहने विद्यालयमा तोकिएको मापदण्ड पुरा गरी निवेदन दिने ।

२. विद्यालय वा नगरपालिकाले निर्धारण गरेको छनौट प्रकृयामा सहभागी हुनुपर्ने ।

३. छात्रवृत्ति व्यवस्थापन सम्बन्धि थप जानकारीको लागि बरहथवा नगरपालिकाको शिक्षा ,युवा तथा खेलकुद शाखामा सम्पर्क गर्ने ।

.................
ऋद्धि प्रकाश सिटौला
प्रमुख प्रशासकीय अधिकृत

ऋद्धि प्रकाश सिटौला
प्रमुख प्रशासकीय अधिकृत

वोधार्थः

श्री सुचना तथा प्रविधि शाखा , बरहथवा नगरपालिका, सर्लाही - वेभ साइटमा अपलोड गरीदिनुहुन र सवै वडा कार्यालयमा मेल गरीदिनुहुन ।

श्री वडा कार्यालय सवै , बरहथवा नगरपालिका, सर्लाही ।

CamScanner